# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
## Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)

## प्रेस-विज्ञप्ति

## फर्दर पब्लिक इस्यूको मूल्य निर्धारण सम्वन्धमा ।

सार्वजनिक निष्काशन गरी सूचिकृत भैसकेको संगठित संस्थाले फर्दर पब्लिक इस्यू मार्फत शेयर विक्री गर्न सक्ने व्यवस्था रहेकोमा फर्दर पब्लिक इस्यूको मूल्य निर्धारणलाई व्यवस्थित, स्वच्छ, निष्पक्ष र पारदर्शी वनाउन एवं मूल्य निर्धारणमा एकरुपता ल्याउन, फर्दर पब्लिक इस्यूको मूल्य निर्धारणका आधार र विधिहरु सिफारिश गर्न गठित समितिले पेश गरेको प्रतिवेदनको सिफारिश अनुरुप बोर्डको मिति २०७३/०४/२५ को निर्णयानुसार संगठित संस्थाको विगत, वर्तमान र भविष्यको वित्तीय विवरणको मूल्यांकन तथा औसत बजार मूल्यका आधारमा फर्दर पब्लिक इस्यूको मूल्य निर्धारणका विधि तथा आधारहरु देहाय अनुसार निर्धारण गरिएको छ :

(१) पूँजीकृत भएको आम्दानी (Capitalized Earnings)

(२) प्रति शेयर खुद सम्पत्तिको मूल्य (Net Worth Per Share/Book Value Per share)

(३) १८० दिनको औसत बजार मूल्य (180 Days Average of Closing Market Price)

(४) भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (Discounted Cash Flow-DCF)

सूचिकृत संगठित संस्थाले फर्दर पब्लिक इस्यूको मूल्य निर्धारण गर्दा उपर्युक्तानुसारका विधिहरु अवलम्वन गरी मूल्य गणना गर्ने र सबै विधिहरुबाट उपलब्ध भएको कूल मूल्यको सामान्य औसत गणना गरी मूल्य निर्धारण गर्नु पर्ने छ । साथै सूचिकृत संगठित संस्थाले फर्दर पब्लिक इस्यू सम्वन्धमा साधारण सभाबाट निर्णय भएको चार महिना भित्र बोर्डमा आवेदन दिई सक्नु पर्ने र फर्दर पब्लिक इस्यूमा धितोपत्रको मूल्य निर्धारण गर्दा/गराउँदा देहाय अनुसारका पक्षहरुको औचित्य पुष्टि गर्ने आधारहरु समेत उल्लेख गर्नु पर्ने छ ।

(१) सम्बन्धित व्यवसायको औसत प्रतिफल तथा बिटा गणना भएको हकमा सोका आधारहरु ।

(२) प्रति शेयर खुद सम्पत्तिको मूल्य गणना गर्ने प्रयोजनका लागि समावेश भएका विभिन्न रकमहरुको विस्तृत विवरण तथा आधारहरु ।

(३) औसत बजार मूल्य गणना गर्दा बोर्डमा आवेदन दिनु भन्दा १८० दिन अगाडीको मूल्य

(४) वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य,

(५) Discount Rate तथा Terminal Growth Rate गणना गर्दाका आधारहरु ।

उपर्युक्त व्यवस्थाबाट  सार्वजनिक निष्काशन गरी सूचिकृत भैसकेको संगठित संस्थाले फर्दर पब्लिक इस्यूको मूल्य निर्धारण सम्वन्धमा एकरुपता आउने र अंकित मूल्य भन्दा बढी मूल्य तोकी निष्काशन गर्दा मूल्य निर्धारण प्रक्रिया स्वच्छ, निष्पक्ष र पारदर्शी हुने बोर्डले अपेक्षा गरेको छ ।

मिति : २०७३/०४/२८

(निरज गिरी)
प्रवक्ता

Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal